राय मितिः- २०८२।१२।०६

महान्यायाधिवक्ता समक्ष प्राप्त मितिः २०८२।१२।०६

१०. <u>महान्यायाधिवक्ताको निर्णय व्यहोरा</u>

राजश्व अनुसन्धान विभागको निर्देशक सन्तोष कुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार शंकितहरु वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडसमेत रहेको राजश्व चुहावट मुद्दामा जिल्ला सरकारी वकील कार्यालय, ललितपूरका जिल्ला न्यायाधिवक्ता श्री जनक प्रसाद घिमिरेले शंकितहरू उपर मुद्दा नचलाउने गरी गरेको निर्णयलाई उच्च सरकारी वकील कार्यालय, पाटनका सहन्यायाधिवक्ता श्री ईश्वरी प्रसाद ढकालले सदर गरी निकासार्थ मिसिल यस कार्यालयमा पेश भएको देखिन्छ।

यसमा शंकित वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडले दूरसंचार सेवा दस्तुर तर्फ आ.व ०७७/०७८ देखि ०८१/०८२ सम्म fixed Broad Band को १०० प्रतिशत नै मर्मत सम्भार शूल्क देखाई बढी असुल गरेको रकममा उठाएको दूरसंचार सेवा दस्तुर नेपाल सरकारको ट्रेजरीमा दाखिल नगरी दूरसंचार सेवा दस्तुर (TSC) तर्फ दुई अर्ब चौरानब्बे करोड सैतिस लाख सतचालीस हजार आठसय रुपैया बिगो राजश्व चुहावट गरेको भन्ने उल्लेख रहेको देखिन्छ। आर्थिक ऐनले दूरसंचार सेवा दस्तुर लाग्ने व्यवस्था अन्तर्गत "दूरसंचार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महशुलको १०% रकम दूरसंचार सेवा दस्तुर असुल उपर गर्नुपर्ने" र यस्ता सेवा दिने अनुमति प्राप्त निकाय बीच fixed Broad band शूल्कको ५०% सम्मको मर्मत सम्भार शूल्क लगाउन सक्ने र मर्मत सम्भार शूल्कमा दूरसंचार सेवा शूल्क नलाग्ने कानूनी व्यवस्था रहेको देखियो।

दूरसंचार ऐन, २०५३ को दफा ४२ (१) (क) अनुसार दूरसंचार सेवा बापतको शुल्कको दर नेपाल दूरसंचार प्राधिकरणले स्वीकृत गरेको हुनुपर्ने व्यवस्था रहे अनुसार प्राधिकरणले दूरसंचार सेवा प्रदायक निकायलाई दूरसंचार सेवा शुल्कको दर तोकेको पाईन्छ। सो प्राधिकरणको मिति २०८२/०९/११ को राजश्व अनुसन्धान विभागलाई लेखेको पत्रमा वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडलाई आ.व. ०७७-७८ देखि ०८१-८२ सम्मका लागि मासिक ५० mbps का लागि मासिक रु ९५०/-, ७५ mbps सम्म मासिक रु १०५०/-, १०० mbps सम्मका लागि ११५०/- र १५० mbps सम्म रु १२००/- तोकेको र नेपाल टेलिकमका लागि फरक दर तोकेको भन्ने देखिन्छ ।

दूरसंचार नियमावली, २०५४ को नियम १५(१) (ज) मा fixed broad band शुल्कको ५०% सम्म मर्मत सम्भार शूल्क लगाउन सकिने व्यवस्था रहेको छ। सो अनुसार वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडले दूरसंचार प्राधिकरणले स्वीकृत गरेको दूरसंचार सेवा शुल्क भन्दा बढी रकम ग्राहकबाट लिई राजश्व चुहावट गरेको भन्ने अनुसन्धानको विषय रहेको देखिंदैन। वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडले मासिक कूल दस्तुर रु ९५०/- रहेकोमा रु ४५०/- ईन्टरनेट दस्तुर र रु ४५०/- मर्मत सम्भार शूल्क ग्राहकसँग लिई ईन्टरनेट शूल्क रु ४५०/- मा दूरसंचार सेवा दस्तुर असूल गरी राजश्व बापत तिरेको अवस्था मिसिलबाट देखिन्छ। सो विषयमा नियमनकारी र सुपरीवेक्षण गर्ने नेपाल दूरसंचार प्राधिकरणले अन्यथा भनेको अवस्था देखिंदैन। दूरसंचार सेवा प्रदायक अन्य निकाय वा संस्थाबाट पनि सोही अनुसार बिलिङ हुने गरेको अवस्था छ। नेपाल टेलिकमसँग तुलना गरी फरक देखिएको आधार आफैमा विचारणीय रहेको छ। नेपाल टेलिकमको शुल्क दर नेपाल दूरसंचार प्राधिकरणबाट फरक स्वीकृत भएको र सो शूल्कको सीमाभित्र रही नेपाल टेलिकमबाट बिलिंङ भएको अवस्था मिसिल संलग्न बिलबिजकको कपिबाट देखिएको छ। तसर्थ दुरसंचार सेवा अन्तर्गत सम्भार तथा मर्मत बापत र ईन्टरनेट सेवा बापत लिएको कुल रकम नेपाल दूरसंचार प्राधिकरणबाट तोकिएको कूल शूल्क भित्रै रहेको र समग्रमा कूल रकमको ५०% मर्मत सम्भार र ५०% ईन्टरनेट सेवा बापतको शूल्क रहेको अवस्था देखिन आयो। मर्मत सम्भार शूल्कमा दूरसंचार सेवा दस्तुर (TSC) नलाग्ने नै कानूनी व्यवस्था रहेबाट राजश्व चुहावट गरेको भन्ने ठोस अवस्था र आधार नदेखिएकोले जिल्ला सरकारी वकील कार्यालय, ललितपूरबाट मुद्दा नचलाउने गरी भएको निर्णय समर्थन गरेको उच्च सरकारी वकील कार्यालय, पाटनको निर्णय समेत समर्थन गरी अन्तिम निकासा हुन नायव महान्यायाधिवक्ताले पेश गर्नु भएको राय मनासिव देखिंदा शंकितहरू वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेड, वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडका कार्यकारी अधिकृत केशव नेपाल, वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेड नेपालका आधिकारिक प्रतिनिधि सुनिल यादव, वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडका संचालकहरु दिलिप अग्रवाल, मनोज कुमार अग्रवाल, लक्ष्मण कुमार यादव, वैष्णवी नारायनन (भारतीय नागरिक) र भोल्कर क्लेन (पोलिस नागरिक) समेत उपर राजश्व चुहावट सम्बन्धी कसूरमा मुद्दा नचलाउने गरी निर्णय गरिदिएको छु। प्रस्तुत निर्णयको जानकारी र सक्कल मिसिल जिल्ला सरकारी वकिल कार्यालय, ललितपूरमा फिर्ता पठाईदिनू।

साथै आ.व. २०८०।८१को आय विवरणमा नपाउने खर्च कट्टी गरी लिएकोले रकम रु. ७३,०८,०४,८३०/३६ (अक्षरेपी: त्रीहत्तर करोड आठ लाख चार हजार आठ सय तीस रूपैयाँ र पैसा छत्तीस मात्र) आय तर्फ चुहावट भएको भनि अनुसन्धान भएको देखिन्छ। नेपालको कर प्रणाली स्वयंकर प्रणालीमा आधारित रहेको र आयकर ऐन, २०५८ को दफा ९९ र दफा १०० बमोजिम कर निर्धारण भएमा दफा १०१ बमोजिम आन्तरिक राजश्व विभाग तथा मातहत कार्यालयहरुबाट आय विवरण पेश भएको मितिले ४ बर्ष भित्रमा संशोधित कर निर्धारण गर्न सकिने व्यवस्था रहेको देखिन्छ। यसरी संशोधित कर निर्धारण हुँदा आय वर्षमा भएका सम्पूर्ण खर्च तथा आम्दानीहरुको विवरण सबै हेरी संशोधित कर निर्धारण गरिने हुँदा कुनै एउटा विषयमा मात्र खर्च कट्टी लिन नमिल्ने भई राजश्व चुहावट गरेको भनि अभियोजन गर्दा न्यायोचित हुने देखिदैन। अनुसन्धानको क्रममा राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरको च.नं १४५, मिति:२०८२।११।२५ को पत्रबाट आ.व २०८०।८१ को कर निर्धारण सम्बन्धमा सोधनी हुँदा ठुला करदाता कार्यालयको च.नं १६५, मितिः २०८२।११।२५ गतेको पत्रबाट वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडको पूर्ण कर परिक्षण भै नसकेको भनी जवाफ प्राप्त भएको देखिएकोले सो आ.व.का सम्बन्धमा ठुला करदाता कार्यालयबाट पूर्ण कर परीक्षण गरी संशोधित कर निर्धारण गरी सबै विषयमा एकै पटक निरुपण हुने हुँदा सोही बमोजिम निर्णय गर्दा उपयुक्त हुने देखिएकोले खर्च कट्टी गर्न पाउने हो होईन, राजश्व चुहावट गरेको हो होईन? सो सम्बन्धमा ठुला करदाता कार्यालयबाट भएको निर्णय बमोजिम हुने नै हुँदा राजश्व चुहावट भएको देखिएमा सोहि बखत प्रचलित कानून बमोजिम गर्न सकिने नै हुँदा हाललाई सो विषयका सम्बन्धमा ठुला करदाता कार्यालयमा लेखि पठाउनू भनी जिल्ला सरकारी वकिल कार्यालय, ललितपूरलाई लेखि पठाउनू।

दस्तखतः

नाम,थरः सविता भण्डारी

पदः महान्यायाधिवक्ता

मितिः २०८२/१२/०८

सविता भण्डारी
महान्यायाधिवक्ता